वर्ष : ८ अङ्क ११ दिसम्बर २०१९

# अभिज्ञान

ISSN : 0976-1640 ABHIJNAN

नेपाली अर्द्धवार्षिक शोधपत्रिका

उत्तर बङ्ग

विश्वविद्यालय

ENLIGHTEMENT TO PERFECTION

कुल सचिव, उत्तरबङ्ग विश्वविद्यालय [illegible]


: ८ अङ्क : ११

ISSN : 0976-1640 ABHIJNAN

अभिज्ञान

नेपाली अर्द्धवार्षिक शोधपत्रिका

दिसम्बर २०१९



प्रकाशक : कुल सचिव, उत्तरबङ्ग विश्वविद्यालय

यसरी नै 'भारतका समकालीन नेपाली कविता र गीतमा लोक संस्कृति एवम् इतिहास चेतना' शीर्षक शोधपत्रमा डा दिलकुमार प्रधानले 'समकालीनता', 'इतिहास चेतना' तथा 'लोक संस्कृति'का सैद्धान्तिक अवधारणाबारे विस्तृत विवरण प्रस्तुत गर्दै भारतबाट लेखिएका समकालीन धाराका नेपाली कविताहरूमा पाइने ऐतिहासिक अनि लोक सांस्कृतिक सन्दर्भहरू प्रायः 'परिचय सङ्कट वा जातीय आस्तित्विक चेतनाबाटै सिञ्चित' भएको निष्कर्ष प्रस्तुत गरेका छन्। यिनको यो लेख भारतीय नेपाली कविताको वैशिष्ट्यगत स्वरूप निर्धारणका लागि उपयोगी हुने देखिन्छ।

योगेश खातीको 'फेरि इतिहास दोहोरिन्छ नाटकको समाज राजनैतिक अध्ययन' शीर्षक लेखमा मनबहादुर मुखियाकृत फेरि इतिहास दोहोरिन्छ नाटकमा अन्तर्निहित दार्जिलिङका ऐतिहासिक घटनाहरूको सन्दर्भलाई केलाउने प्रयास गरिएको छ। साहित्यको अन्तर्विषयक अध्ययन पद्धतिका रूपमा समाजराजनैतिक अध्ययनका सम्भावित क्षेत्रहरूबारे पनि यसले सैद्धान्तिक विमर्श प्रस्तुत गरेको छ।

'दाम्पत्य जीवनका समस्या र चुनौतीहरू – सन्दर्भमा पूर्ण राईका कथा' शीर्षक लेखमा डा देवचन्द्र सुब्बाले पूर्ण राईका कथाहरूको आलोकमा आधुनिक तथा आधुनिकोत्तर जीवनशैलीबाट मानिसको दाम्पत्य जीवन के कसरी प्रभावित भइरहेको छ तथा त्यसबाट सिर्जित समस्या र चुनौतीहरू के के छन् भन्ने बारे विश्लेषणात्मक अध्ययन प्रस्तुत गरेका छन्। पौराणिक भारतीय संस्कृतिमा विवाह संस्कारको अवधारणा विकासबारे संक्षिप्त रूपरेखा समेत यसमा प्रस्तुत गरिएको छ।

सुनिला गुरुङको 'दार्जिलिङका आधुनिक नेपाली कथामा हास्यतत्त्वको प्रयोग' शीर्षक लेखमा दार्जिलिङे कथामा पाइने हास्यात्मक सन्दर्भहरू केलाइएको छ। पूर्वीय अनि पाश्चात्य साहित्यशास्त्रीहरूले साहित्यमा हास्य तत्त्वको महत्त्व, प्रयोजन अनि वर्गीकरणबारे के कस्ता मतहरू अघि सारेका छन् भन्ने विषयमा पनि यसमा विस्तृत रूपमा चर्चा गरिएको छ।

यस अङ्कको अन्तिम लेखमा आयुष तामाङले 'रातभरि हुरी चल्यो' कथामा भाषिक विचलन' शीर्षक शोधपत्रमा कथाकार इन्द्रबहादुर राईको विचलनपूर्ण भाषा प्रयोगबारे वर्णनात्मक अध्ययन प्रस्तुत गरेका छन्। बेलायती भाषाविद् 'ज्योफ्री निल लिचले आफ्नो पुस्तक **अ लिङ्ग्विस्टिक गाइड टु इङ्ग्लिस पोयट्री**मा प्रतिपादन गरेका सिद्धान्त र पद्धतिका आधारमा यिनले उपर्युल्लिखित कथामा पाइने भाषातात्त्विक विचलनहरू खोज्ने प्रयास गरेका छन्।



## विषय सूची


| | | | |
|---|---|---|---|
| | सम्पादकीय | | I-II |
| १. | समकालीन भारतीय नेपाली कविताको कथन वैशिष्ट्य | – डा रेमिका थापा | १-१७ |
| २. | लुप्त प्रायः भाषाको अभिलेखीकरण – समस्या र समाधान | – कृष्णप्रसाद चालिसे | १८-३० |
| ३. | भारतका समकालीन नेपाली कविता र गीतमा लोकसंस्कृति एवम् इतिहास चेतना | – डा दिल कुमार प्रधान | ३१-५९ |
| ४. | 'फेरि इतिहास दोहोरिन्छ' नाटकको समाज राजनैतिक अध्ययन | – योगेश खाती | ६०-७१ |
| ५. | दाम्पत्य जीवनका समस्या र चुनौतीहरू – सन्दर्भमा पूर्ण राईका कथा | – डा देवचन्द्र सुब्बा | ७२-८२ |
| ६. | दार्जिलिङका आधुनिक नेपाली कथामा हास्यतत्त्वको प्रयोग | – सुनिला गुरुङ | ८३-९३ |
| ७. | 'रातभरि हुरी चल्यो' कथामा भाषिक विचलन | – आयुष तामाङ | ९४-१०९ |
| | लेखकावली | | ११० |
| | अभिज्ञानमा... | | १११-११३ |

हुनना नजिक भएका र सम्पर्कमा रहेका भाषाहरूका बारेमा पनि राम्रो ज्ञान हुनु आवश्यक हुन्छ।

भाषिक अभिलेखीकरण आफैमा प्राविधिक काम भएको हुनाले आवश्यक प्राविधिक ज्ञान अनिवार्य छ उसका लागि यस सम्बन्धी तालिमको आवश्यकता पर्छ। हरेक परिवेश आफैमा विशिष्ट हुने हुनाले विशिष्ट परिवेशमा काम गर्न सक्ने र निर्णय लिन सक्ने क्षमताको आवश्यकता हुन्छ।

प्रायः अल्पसङ्ख्यक भाषिक समुदायहरू आर्थिक रूपले विपन्न पाइन्छन्, त्यस कारण जीविकोपार्जन उनीहरूको प्रमुख चुनौती रहेको हुन्छ। यस अवस्थामा अनुसन्धानकर्ताले उनीहरूलाई आर्थिक टेवा दिन सकेमा भाषिक अभीलेखीकरणको काम सरल र प्रभावकारी हुनसक्छ तर हाम्रो समाजमा प्राज्ञिक काममा लाग्ने व्यक्तिहरू समुदायलाई आर्थिक टेवा दिन सक्ने गरी आर्थिक रूपमा सम्पन्न भएको पाइँदैन। जीविकोपार्जन नै प्रमुख चुनौती भएको समुदायमा उनीहरूको आफ्नो भाषाको महत्त्व बुझाउन पनि कठिन छ किनभने बृहत सञ्चारका भाषामा दक्षता हासिल गरेमा विभिन्न रूपले शैक्षिक, आर्थिक, सामाजिक, आदि अवसरहरू प्राप्त हुने भएकाले उनीहरूको आकर्षण ती भाषाहरूप्रति नै बढी हुन्छ। यस परिवेशमा भाषिक सशक्तीकरण र आर्थिक उपार्जनलाई जोड्न सकेमा भाषाहरूको संरक्षण निकै प्रभावकारी हुने थियो तर यस किसिमको भाषिक सशक्तीकरणको उपयुक्त नमुना तयार भएको पाइँदैन।

यसै गरी अल्पसङ्ख्यक भाषिक समुदायहरू प्रायः गरेर भौगोलिक रूपले विकट र कठिन हावापानी भएको क्षेत्रमा बसोबास गरेको पाइन्छ। ती ठाउँहरूमा यातायात, विद्युत, सञ्चार जस्ता सुविधाको पनि अभाव हुने भएकाले भाषिक अभिलेखीकरणको काम थप चनौतीपूर्ण हुन्छ।

•



# भारतका समकालीन नेपाली कविता र गीतमा लोकसंस्कृति एवम् इतिहास चेतना

- दिल कुमार प्रधान

**सार** - यस लेखमा भारतका समकालीन नेपाली कविता र गीतहरूमा रहेका लोकसंस्कृति र इतिहासको चेतना केलाउन अघि 'समकालीन' शब्दको अर्थ, सन्दर्भ, समकालीन धाराको उत्थान, संक्षिप्त प्रवृत्ति केलाउने प्रयास गरिएको छ। भारतका आधुनिक नेपाली कविताहरूमा रहेका लोकसंस्कृति र इतिहास चेतना वा स्वरहरूको चर्चा गर्ने क्रममा जातीय चेतना र परिचय सङ्कट विषयक कतिपय कवितांश पनि उद्धृत गरिएको छ। ती कविताहरूमा रहेका सांस्कृतिक र इतिहास चेतनाको उद्बोधन परिचय सङ्कट वा जातीय आस्तित्विक चेतनाबाट सिञ्चित भएको बुझिएकाले उपनिवेशकालीन कविहरू डाकमान राई, दिलुसिंह राई, हाजिरमान राई, धनवीर भण्डारी आदिका कविताहरू पनि चर्चामा ल्याइएको छ। यसैले प्रस्तुत लेखमा समकालीन, लोकसंस्कृति र इतिहास चेतना बीज शब्दका रूपमा रहेका छन्।

**बीज शब्द** - समकालीन, नेपाली, साहित्य, लोकसंस्कृति, इतिहास चेतना।

## १. समकालीन' शब्दको अर्थ र सन्दर्भ

'समकालीन' शब्दको अर्थ 'एकै समयको वा एकै समयमा भएको; उही बखतको घटना, कुरा,